March 15, 2024

National News

प्रमुख समाचार:-

1. निर्वाचन आयोगले भोलि आम निर्वाचन २०२४ को मिति घोषणा गर्ने
2. केन्द्र सरकारद्वारा देशमा ई-वाहनहरूको उत्पादनलाई बढावा दिनको लागि ई-वाहन नीति जारी
3. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा केरला र तमिलनाडुको चुनावी सभालाई सम्बोधन
4. लक्ष्य सेनले आज अल इङ्ल्यान्ड ओपन ब्याडमिन्टन च्याम्पियनसिपको पुरुष एकलको क्वार्टरफाइनलमा मलेसियाका खेलाडीसित प्रतिस्पर्धा गर्ने
5. महिला प्रिमियर लिग क्रिकेटको एलिमिनेटर खेलमा रोयल च्यालेन्जर्स बैंगलोरले आज साँझ मुम्बई इन्डियन्सको सामना गर्दै

1. ECI Lok Sabha Polls

निर्वाचन आयोगले भोलि लोकसभा निर्वाचनको कार्यतालिका सार्वजनिक गर्ने भएको छ । यस अवधिमा लोकसभा चुनावसँगै केही राज्यमा विधानसभा चुनावका कार्यक्रम पनि घोषणा गरिने छ। वर्तमान लोकसभाको कार्यकाल यही वर्ष जुन १६ मा सकिँदैछ। गत लोकसभा चुनावमा भारतीय जनता पार्टीले देशको ५४३ संसदीय सिटमध्ये ३०३ सिट जितेर शानदार जित दर्ता गरेको थियो। हालसम्म भारतीय जनता पार्टीले लोकसभा निर्वाचनका लागि २६७ उम्मेदवारको घोषणा गरेको छ भने प्रमुख प्रतिपक्षी दल कांग्रेसले ८२ जनाको नाम घोषणा गरेको छ ।

2. E-Vehicle Policy

केन्द्र सरकारले देशमा ई-वाहनहरूको उत्पादनलाई बढावा दिनको लागि ई-वाहन नीति ल्याएको छ। यसको उद्देश्य ई-वाहनहरूको क्षेत्रमा लगानी आकर्षित गर्नु हो। साथै ई-वाहन नीतिको उद्देश्य कच्चा तेलको आयात, व्यापार घाटा र वायु प्रदूषण कम गर्नु पनि रहेको छ। कम्पनीहरूको लागि न्यूनतम लगानी सीमा ४,१५० करोड रुपैयाँ कायम गरिएको छ। कम्पनीहरूले उत्पादन सुविधाहरू तयार गर्न र ई-वाहनहरूको व्यावसायिक उत्पादन सुरु गर्न तीन वर्ष पाउनेछन्। यस योजना अन्तर्गत प्रतिवर्ष आठ हजारभन्दा बढी विद्युतीय सवारी साधन आयात गर्न पाइने छैन।

3. PM Kerala

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज केरलाको पथनमथिट्टा जिल्लामा लोकसभा चुनाव प्रचार कार्यक्रममा भाग लिनुभयो। कार्यक्रममा श्री मोदीले आगामी लोकसभा चुनावमा केरलाबाट भाजपाले सिट जित्ने बताउनुभयो । जनसभापछि प्रधानमन्त्री श्री तेलंगाना प्रस्थान गर्नुभएको थियो। यसअघि तमिलनाडुमा एउटा जनसभालाई सम्बोधन गर्नुभएको थियो।

4. MEA CAA

विदेश मन्त्रालयले नागरिकता संशोधन ऐन-२०१९ भारतको आन्तरिक मामिला भएको र यसले भारतको समावेशी परम्परा र मानवअधिकारप्रति लामो समयदेखिको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको जनाएको छ। आज नयाँ दिल्लीमा सञ्चारमाध्यमलाई सम्बोधन गर्दै मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले यो ऐनले 31 डिसेम्बर 2014 अघि भारतमा आएका अफगानिस्तान, पाकिस्तान र बंगलादेशका हिन्दू, सिख, बौद्ध, जैन, पारसी र ईसाई समुदायका उत्पीडित अल्पसंख्यकहरूलाई सुरक्षित आश्रय प्रदान गरेको बताउनुभयो। नागरिकता संशोधन कानूनको कार्यान्वयन सम्बन्धमा अमेरिकी विदेश विभागको बयानलाई श्री जयस्वालले भारत यसलाई गलत र अनुचित जानकारी मान्दछ भन्नुभयो। उहाँले भारतको संविधानले सबै नागरिकहरूलाई धार्मिक स्वतन्त्रताको ग्यारेन्टी दिएको उल्लेख गर्नुभयो।

5. MEA Haiti

हाइटीमा जारी अवस्थालाई ध्यानमा राख्दै विदेश मन्त्रालयले २४ सै घण्टा सञ्चालनमा आउने नियन्त्रण कक्ष स्थापना गरेको छ । नियन्त्रण कक्षले अवस्थाको अनुगमन गरी सूचना तथा सहयोग उपलब्ध गराउने छ । आज नयाँ दिल्लीमा सञ्चारकर्मीलाई जानकारी दिँदै मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले डोमिनिकन रिपब्लिकको सान्टो डोमिङ्गोमा रहेको भारतीय दूतावासले पनि आपतकालीन हेल्पलाइन स्थापना गरेको बताउनुभयो । हाइटीमा ५० देखि ८० भारतीय समुदाय रहेको उहाँले बताउनुभयो । कन्ट्रोल रुममा सम्पर्क गर्न टोल फ्री नम्बर पनि जारी गरिएको छ।

6. President Bhutan PM

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भुटानसँगको बहुआयामिक साझेदारीलाई भारतले अत्यन्तै महत्व दिएको र यो भुटानको प्राथमिकता र आकांक्षा अनुरूप जारी रहने बताउनुभएको छ । उहाँले दुई देशबीचको यो साझेदारी ऊर्जा सहयोग, विकास, जन सम्पर्क, व्यापार र लगानीमा विस्तार

भएको बताउनुभयो । भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गेले आज राष्ट्रपति भवनमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुसँग भेटवार्ता गर्नुभएको छ ।

7. Mumbai – Piyush Goyal

केन्द्रीय कपडा मन्त्री श्री पियुष गोयलले आज मुम्बईमा एक कार्यक्रममा राष्ट्रिय कपडा निगम (एनटीसी) मिलहरूमा काम गर्ने कर्मचारीहरूको बक्यौता तलब जारी गर्नुभयो। यी कर्मचारीहरूले कोभिड–१९ महामारीको समयमा आधा तलबमा काम गरेका थिए ।

8. Commerce Trade Statistics

गत महिना भारतको कुल निर्यातमा उल्लेख्य वृद्धि भएको छ । यस वर्षको फेब्रुअरीमा मुलुकको कुल निर्यात ७३ अर्ब ५५ करोड अमेरिकी डलर रहेको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १४ प्रतिशतले बढी हो । वाणिज्य सचिव श्री सुनिल बर्थवालले विश्वव्यापी अनिश्चितताका बीच पनि देशको निर्यात सबै अनुमानभन्दा राम्रो भएको र पछिल्लो ११ महिनायताकै उच्च रहेको पत्रकारलाई बताउनुभयो । उहाँले चुनौतीका बाबजुद पनि देशको व्यापार क्षेत्रको बलियो कार्यसम्पादनलाई झल्काउँदै अघिल्लो वर्षको तुलनामा फेब्रुअरीको तथ्यांक बढी रहेको बताउनुभयो ।

9. Amit Shah - NIA

आतंकवाद र संगठित अपराध विरुद्ध भारतको लडाईलाई अझै मजबूत पार्दै गृहमन्त्री श्री अमित शाहले हिजो नयाँ दिल्लीमा अनौठो डिजिटल आपराधिक मामिला व्यवस्थापन प्रणाली सुभारम्भ गर्नुभयो। राष्ट्रिय अनुसन्धान एजेन्सीले यो प्रणाली तयार पारेको हो। यसले एजेन्सीलाई आतंकवाद र आपराधिक मुद्दाहरूसँग राम्रोसँग सम्हाल्न मद्दत गर्नेछ।

10. Ban Ferocious Dogs

केन्द्र सरकारले हिंस्रक कुकुरको बिक्री र पालनमा प्रतिबन्ध लगाउने प्रस्ताव गरेको छ । पशुपालन मन्त्रालयले मानव जीवनको लागि खतरनाक 23 जातका कुकुरको बिक्री, प्रजनन वा पालनमा प्रतिबन्ध सुनिश्चित गर्न राज्य र केन्द्र शासित प्रदेशहरूलाई निर्देशन दिएको छ।

## 11. All England Open Badminton

बर्मिङ्घममा हुने अल इङ्ल्यान्ड ओपन ब्याडमिन्टन च्याम्पियनसिपको पुरुष एकलको क्वार्टरफाइनलमा लक्ष्य सेनले आज मलेसियाका ली जी जियाको सामना गर्नेछन्। राष्ट्रिय ओलम्पिक खेलकुदका स्वर्ण पदक विजेता लक्ष्य सेनले डेनमार्कका एन्डर्स एन्टोन्सनलाई पराजित गरेका छन् । पीभी सिन्धु हिजो दक्षिण कोरियाकी आन से योङसँग पराजित भएपछि प्रतियोगिताबाट बाहिरिएकी थिइन्।

## 12. Women Premier League

रोयल च्यालेन्जर्स बैंग्लोरले महिला प्रिमियर लिग क्रिकेटको एलिमिनेटर खेलमा आज साँझ मुम्बई इन्डियन्सको सामना गर्नेछ। खेल दिल्लीको अरुण जेटली स्टेडियममा साँझ ७.३० बजे सुरु हुनेछ । विजेता टोलीले आइतबार फाइनलमा दिल्ली क्यापिटल्ससँग खेल्नेछ । मार्च १२ मा भएको अन्तिम खेलमा रोयल च्यालेन्जर्स बैंग्लोरले मुम्बई इन्डियन्सलाई ७ विकेटले पराजित गरेको थियो ।